# बान्नीगढी जयगढ गाउँपालिकाको

## चौधौं गाउँसभाका अध्यक्ष श्री टेक बहादुर साउदद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/८३ को

# बार्षिक नीति तथा कार्यक्रम, २०८२

बान्नीगढी जयगढ गाउँपालिका

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

**यस गरिमामय गाउँसभाको चौधौं अधिवेशनमा उपस्थित**

**गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, मुलुकको सर्वाङ्गीण विकास, सुशासन, समृद्धि र अग्रगमनको लागी ईतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते, अपाङ्ग तथा बेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु। साथै राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न उल्लेखनीय योगदान गर्नु हुने सम्पूर्ण नेपाली जनतामा उच्च सम्मान सहित हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

गाउँपालिका बासी जनताको सुख र समृद्धिका लागी स्थानीय सरकारलाई थप सुदृढ गर्दै गाउँपालिका बासीमा सरकार प्रति आशा र विश्वास जगाउने गरी सरकारले यो नीति तथा कार्यक्रम प्रस्ताव गरेको छ । संविधानको कार्यान्वयन, स्थानीय सरकारको सबलीकरण, उत्पादन र उत्पादकत्व वृद्धि, स्वरोजगार र उद्यमशिलता विकास, सुशासन प्रर्वद्धन, सार्वजनिक सेवा प्रभावमा सुधार र सरलीकरण, नागरिक मैत्री शासन प्रणालीको स्थापना तथा भष्ट्राचार नियन्त्रण सरकारका मुख्य प्राथमिकता रहेका छन। सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन सरकार स्पष्ट कार्ययोजनका साथ अघि बढेको छ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

संघीयताको कार्यान्वनको क्रममा हामी हाम्रो कार्यकालको मध्यतिर छौ । यहासम्म आईपुग्दा बान्नीगढी जयगढ गाउँपालिकाको विकास र समृद्धिको यात्रामा विभिन्न उपलब्धिमूलक तथा महत्वपूर्ण कार्यहरु भएका छन । अब म हालसम्म प्राप्त उपलब्धिलाई संक्षेपमा उजागर गर्न चाहन्छु।

पूर्वाधार विकास तर्फ सबै वडा कार्यालयसम्म सडक सञ्जाल पुर्याईसकेको छ । ग्रामीण स्तरमा निर्माण भएका सडकहरुको स्तरोन्नती भैरहेको छ । स्थानीय शासनलाई जनमुखी, उत्तरदायी र संस्थागत रूपले सुदृढ बनाउने उद्देश्यले बान्नीगढी जयगढ गाउँपालिकाले आफ्नै स्वामित्वमा प्रशासकीय भवन निर्माणको पहल गरेकोमा हालसम्म उक्त भवनको संरचना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। आधुनिक मापदण्डअनुसार डिजाइन गरिएको यस भवनमा आधुनिक कार्यकक्ष, सभा हल, नागरिक सहायता कक्ष, डिजिटल सेवा केन्द्र, अपाङ्गमैत्री तथा जेष्ठ नागरिकमैत्री विशेषता रहेका छन । यो भवनको सम्पन्नतासँगै गाउँपालिका अन्तर्गतका सबै सेवा इकाइहरू एउटै संरचनामा एकीकृत भई कार्य गर्ने व्यवस्था मिल्नेछ, जसले सेवा प्रवाहलाई प्रभावकारी बनाउनुका साथै जनतामा सरकारप्रतिको विश्वास र सम्बन्ध थप सुदृढ हुने विश्वास लिइएको छ। त्यसैगरी वडा नं ६ दर्नाको

वडा कार्यालय भवन र वडा नं १ गाज्राको आफ्नै वडा कार्यालय भवन निर्माण सम्पन्न भएका छन भने वडा नं ४ को वडा कार्यालय भवनको लागी जग्गा प्राप्ति भई बजेटको समेत सुनिश्चतता भैसकेको छ ।

गाउँपालिका स्वास्थ्य सेवाको पहुँच विस्तार तथा पूर्वाधार सुदृढीकरणमा निरन्तर क्रियाशील रहँदै आएको सन्दर्भमा, वडा नं ६ दर्ना र वडा नं ४ तिमिल्सैनमा स्वास्थ्य चौकीको भवन निर्माण भएको छ भने वडा नं २ जनालीकोटमा स्वास्थ्य चौकीको भवन निर्माण कार्य प्रारम्भ भई तीव्र गतिमा अगाडि बढिरहेको छ। स्वास्थ्य पूर्वाधार अभावका कारण लामो समयदेखि सेवा लिनेमा असहजता, गोपनीयता र कार्यसम्पादनमा कमजोरी देखिँदै आएकोमा भवन निर्माणको थालनीले स्थानीय बासिन्दाले भरपर्दो र सम्मानजनक सेवा प्राप्त गर्ने आधार तयार भएको छ। भवन सम्पन्न भएपछि मातृशिशु सेवा, खोप कार्यक्रम, प्रसूति सेवाजस्ता अत्यावश्यक सेवा विस्तार हुने मात्र नभई स्वास्थ्यकर्मीको कार्य वातावरण सुधार भई समग्र स्वास्थ्य सेवा सुदृढ हुने अपेक्षा गरिएको छ। विद्यालयको शैक्षिक पूर्वाधारको विकास पनि तिव्र गतिमा अघी बढेको छ। शिक्षक विद्यार्थीको अनुपातमा विद्यालय समायोजन र शिक्षकको दरबन्दि मिलान गर्ने कार्य निरन्तर भैरहेको छ ।

खानेपानी तथा सरसफाईको क्षेत्रमा गाउँपालिकाले दीर्घकालीन दृष्ट्रिकोण सहित स्वच्छ र सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्न जयगढ खालगडा छातासैन बृहत् खानेपानी आयोजना अन्तर्गत नयाँ रणनीतिक पहल अगाडि बढाएको छ। प्रारम्भिक चरणमा सञ्चालित योजनालाई पुनः समीक्षा गरी थप दूईवटा मूलहरु समावेश गर्दै हाल चारवटा मूललाई समेटेर एकीकृत खानेपानी वितरण प्रणालीको संरचना विकास गरिएको छ। एक घर एक धारा अवधारणामा आधारित यो योजनाले जयगढ बजार क्षेत्रको लामो समयदेखिको खानेपानी अभाव र अस्तव्यस्ततालाई दीर्घकालीन रूपमा समाधान गर्ने लक्ष्यसहित अघि बढाइएको हो। जसले स्थानीय बजारबासी र बजारसँग जोडिएका बस्तीहरुमा बसोबास गर्ने जनताको जीवनस्तरमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्नेछ ।

कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ । युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि गाउँपालिकामा विभिन्न विधाका खेलकुद प्रतियोगिताहरु सञ्चालन हुँदै आएका छन।

गाउँपालिकामा रहेका अगुवा कृषक र कृषि तथा पशुपालन पेशामा संलग्न हुन चाहने नवउद्यमीहरुलाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिएको छ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको पहिचान गरी विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरिएको छ। अध्यक्ष युवा स्वरोजगार कार्यक्रमको माध्यमद्धारा युवा जनशक्तिलाई स्वदेशमा रोजगारी अवसरहरु सिर्जना गर्ने रणनीतिक कार्यक्रमहरु सञ्चालन गरिएका छन ।

विभिन्न विषयगत शाखा तथा वडा कार्यालयबाट लक्षित वर्ग र क्षेत्रको पहिचान गरी क्षमता विकास तथा सचेतनामूलक तथा कार्यक्रमहरु संचालन गरिदै आएका छन । आर्थिक र सामाजिक रुपमा पछाडि परेका र पारिएका वर्ग र समुदायको उत्थान र मूलप्रवाहीकरणका साथै अर्थपूर्ण संलग्नता अभिवृद्धि हुने खालका सीपमूलक र आयआर्जनमूलक कार्यक्रमहरु सञ्चालन गरिएका छन।

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट अपेक्षा गरेअनुरुप आन्तरिक राजश्व संकलनमा उल्लेखनीय प्रगति हासिल भएको छ ।साथै राजश्वको दायरालाई फराकिलो बनाउदै दरहरुलाई समयानुकुल बनाउँदै लगिएको छ ।

पोषण सुरक्षालाई विकासको मूल आधार मान्दै बान्नीगढी जयगढ गाउँपालिकाले बहुक्षेत्रीय पोषण योजना अन्तर्गतका कार्यक्रमहरूलाई प्राथमिकतामा राखी पोषणमैत्री शासन प्रणाली स्थापना गर्न महत्वपूर्ण प्रगति गरेको छ। यसै सन्दर्भमा वडा नं १ को गाज्रा स्वास्थ्य चौकी र वडा नं ४ को तिमिल्सैन स्वास्थ्य चौकीलाई पोषणयुक्त स्वास्थ्य संस्था घोषणा गरिएको छ, त्यसै गरी वडा नं १ र वडा नं ४ लाई यसै आर्थिक वर्षभित्र पूर्ण पोषणयुक्त वडा घोषणा गर्ने गरी आवश्यक सम्पूर्ण प्रक्रिया अन्तिम चरणमा पुगेको छ। पोषण संवेदनशील र पोषण-विशेष कार्यक्रमहरूको एकीकृत कार्यान्वयनबाट मातृशिशु पोषण सुधार, खुल्ला दिसामुक्ति, सुरक्षित खानेपानी, स्वच्छता र सरसफाई पोषण शिक्षा, विद्यालय पोषण कार्यक्रम तथा स्थानीय खाद्य उत्पादन प्रणाली सुदृढ गर्ने प्रयासलाई थप सशक्त बनाइएको छ।

वर्तमान सरकारले अघी बढाएका नीति तथा कार्यक्रमहरुको समिक्षा, प्राप्त उपलब्धि र कार्यान्वयनबाट हासिल अनुभवमा आधारित भई आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, संघीय सरकारको १६ औं पञ्चवर्षिय योजनाले लिएका नीति तथा प्राथमिकताहरु, प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजनाले लिएका नीति तथा प्राथमिकताहरु, बान्नीगढी जयगढ गाउँपालिकाको प्रथम आवधिक योजनाले तय गरेका नीति तथा प्राथमिकताहरु, निर्वाचनको क्रममा जारी गरिएका निर्वाचन घोषणा पत्रहरु, विभिन्न राजनीति दलहरु, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवि, नागरिक अगुवा, अधिकारकर्मी, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु, सञ्चारकर्मी लगायत गाउँवासी सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त सल्लाह सुझावहरुलाई मुख्य आधारको रुपमा लिएका छौं।

**गाउँसभाका सदस्य ज्यूहरु,**

अब म सीमित स्रोत तथा साधन तर असीमित चाहना र आकांक्षाका बीच बान्नीगढी जयगढ गाउँपालिकाको समग्र विकास र समृद्धिका लागी आगामी आर्थिक वर्ष २०८२/८३ का लागी तय गरिएका क्षेत्रगत नीति तथा कार्यक्रम यस सम्मानित गाउँ सभा समक्ष पेश गर्न चाहन्छु ।

## (क) सामाजिक विकास

### स्वास्थ्य

नाराः सबैको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा

१. गुणस्तरीय स्वास्थ्य सेवा सबैको पहुँचमा पुऱ्याउने उद्देश्यले स्थानीय स्वास्थ्य संस्थाहरूको पूर्वाधार, जनशक्ति, सेवा दायरा र औषधि आपूर्ति प्रणालीलाई सुदृढ पारिनेछ।

२. स्वास्थ्य स्वयंसेविका, समुदायिक स्वास्थ्यकर्मी र विद्यालय स्वास्थ्य परिचालकलाई सेवा विस्तार तथा तालिम मार्फत क्षमता अभिवृद्धि गरिनेछ।

३. नवजात, बालबालिका, वृद्ध र अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सन्चालन गरिनेछ।

४. बहुक्षेत्रीय पोषण योजना सँग समन्वय गर्दै कृषि, शिक्षा, खानेपानी, महिला तथा बालबालिका शाखाहरूसँग सहकार्यमा पोषण सुधारका एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ।

५. स्वास्थ्य चौकीस्तरबाट मासिक रुपमा घुम्ती ग्रामिण अल्ट्रासाउन्ड सेवा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६. गुणस्तरीय स्वास्थ्य सेवाको पँहुच तथा स्वास्थ्य सेवाको सुधारको लागी स्मार्ट हेल्थ कार्यक्रम संचालन गरिनेछ ।

७. क्षयरोग मुक्त पालिका अभियानलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिईनेछ ।मातृ तथा बाल स्वास्थ्य सेवा समन्वयका लागि मोबाईल स्वास्थ्य सेवा विस्तार गरिनेछ ।

८. आर्थिक रुपमा अति विपन्न, गर्भवती महिला तथा ७० वर्षभन्दा माथीका जेष्ठ नागरिकहरुलाई स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अछाम जिल्ला अस्पताल र बयलगडा अस्पताल ल्याउन-लैजान निशुल्कः एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

९. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।

१०. सुरक्षित मातृत्व, खोप, पोषण र रोग नियन्त्रणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।गाउँपालिकाभित्र रहेका महिलाहरुको पाठेघरको मुखको क्यान्सर रोकथामका लागि निःशुल्क स्क्रिनिङ्ग कार्यक्रम संचालन गरिनेछ ।

११. आयुर्वेद चिकित्साको लागि गाउँपालिका भित्र नागरिक आरोग्य केन्द्र स्थापना गरी पञ्चकर्म, योग, ध्यान, शिरोधार्य वाफ लगायतको सेवालाई विस्तार गरिनेछ।

१२. स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन सबै नागरिकलाई अभिप्रेरित गरिने छ । आर्थिक रुपले विपन्न, दलित, अपाङ्ग, जेष्ठ नागरिकहरुलाई अनिवार्य स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउन विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१३. आगामी आर्थिक वर्षको फागुन महिनालाई नसर्ने रोग स्क्रिनिङ महिना घोषणा गरी तोकिएबमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

१४. मानसिक स्वास्थ्य सेवा केन्द्र स्थापना गरी मानसिक रोग सम्बन्धि गलत धारणा हटाउने तथा आत्महत्या रोकथाम सम्बन्धि सचेतनामूलक कार्यक्रमहरु प्रभावकारी ढंगले सञ्चालन गरिनेछन ।

**शिक्षा**

नाराः गुणस्तरीय शिक्षा, समृद्ध बान्नीगढीको आधार

१. बाल विकास केन्द्रहरूमा आवश्यक शैक्षिक सामग्रीको व्यवस्था, सीपयुक्त शिक्षिका, पोषणयुक्त खाजा तथा बालमैत्री पूर्वाधारको विकासमा जोड दिईनेछ ।

२. शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम, अनुगमन, मूल्याङ्कन तथा प्रोत्साहन प्रणाली लागू गरिनेछ ।

३. शिक्षा, विज्ञान, प्रविधि तथा नवप्रवर्तन (innovation) प्रवर्द्धन गर्न विद्यार्थीहरूका लागि विभिन्न विधागत प्रतियोगिता, परियोजना कार्य, तथा सिर्जनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. विद्यालय कर्मचारी तथा बालविकास शिक्षकहरुलाई प्रोत्साहित गर्न नेपाल सरकारले निर्देशन गरेको नपुग रकमको व्यवस्था गरिनेछ, गाउँपालिका मार्फत शिक्षण सिकाइ सहयोग अनुदान कोटा प्राप्त गरेका विद्यालयलाई निरन्तरता दिदै अनुदान कोटामा कार्यरत शिक्षकहरुको पारिश्रमिकलाई समयानुकुल वृद्धि गरिनेछ साथै विद्यालय नक्साङ्कनको कार्य गरी विद्यार्थी संख्या कम भई शिक्षक दरबन्दी बढी भएका विद्यालयलाई समायोजन र शिक्षक दरबन्दी मिलान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. शिक्षक, कर्मचारी, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रम गरिनेछ ।

६. शैक्षिक जागरण अभियान, शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक शिक्षा कार्यक्रम, सिकाइ उपलब्धि परीक्षण लगायत सरोकारवाला पक्षसँग छलफल तथा अन्तरक्रिया गरिनेछ ।

७. सामुदायिक विद्यालयहरुमा अध्ययनरत उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीका अभिभावक र विद्यार्थी, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सम्बन्धित विषय

शिक्षकलाई सम्मान सहित पुरस्कृत गरिनेछ । साथै अवकाश प्राप्त शिक्षकलाई सम्मानको कार्यक्रम गरिनेछ ।

८. विद्यालयका शैक्षिक तथ्याङ्कहरुलाई विश्वसनिय तथा भरपर्दो वनाउन एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम दिईनेछ ।

९. ICT Lab, विज्ञान प्रयोगशाला र पुस्तकालयको प्रयोगको सुनिश्चितता र व्यवस्थापनका लागि विद्यालय प्रशासनलाई थप जिम्मेवार बनाई समयानुकुल सूचना प्रविधिमैत्री शिक्षाको व्यवस्था गर्न विद्यालयलाई प्रोत्साहित गरिनेछ ।

१०. विद्यालयमा खानेपानी र शौचालयको स्तरोन्तरी गरि विद्यालय स्वास्थ्य, सरसफाई तथा पोषण कार्यक्रमलाई प्रभावकारी बनाउदै सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य जाँच, प्राथमिक उपचार, जुकाको औषधी, फोलिक तथा आइरन चक्की, किशोरीहरुलाइ सेनेटरी प्याडको प्रयोग र स्वास्थ्य सचेतनाका लागि वडा स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालनको कार्यलाई निरन्तरता दिइनेछ ।

११. कृषि उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि दिवाखाजा मेनु अद्यावधिक, समय समयमा सरोकारवाला पक्षसँग छलफल, भान्सेको क्षमता विकासका लागि तालिमको व्यवस्था गरिनेछ ।

१२. पढाइमा कमजोर छात्रछात्राहरुको सिकाइ उपलब्धि बृद्धिका लागि उपचारात्मक कक्षाहरु सञ्चालन र आमा वुवा गुमाएका विद्यार्थीहरुलाई शैक्षिक सामग्री (स्टेश्नरी र पोशाक) को व्यवस्था गरिनेछ ।

१३. आधारभूत तहको एकिकृत पाठ्यक्रम कार्यान्वयनका लागि मूल्याङ्कन अभिलेखिकरण पुस्तिकाको व्यवस्था र स्थानीय विषय पठनपाठनको सुनिश्चितताका लागि स्थानिय पाठ्यक्रम अद्यावधिक गरि कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक लेखनको कार्य सम्पन्न गरिनेछ । साथै स्थानीय स्तरमा समाज रुपान्तरणका लागि योगदान पुर्याउनु भएका ऐतिहासिक व्यक्तित्वलाई स्थानीय पाठ्यपुस्तकमा समावेश गरि स्थानीय पाठ्यपुस्तक छपाई गरिनेछ ।

१४. शिक्षकहरुले पाउने तलबभत्ता मासिक रुपमा निकासाकाको व्यवस्था, विद्यालयको सर्व पक्षिय व्यवस्थापनमा सुधार ल्याउन प्रधानाध्यपकहरुको शैक्षिक भ्रमण, र घुम्ति प्र.अ. बैठकको कार्यक्रम गरिनेछ ।

१५. विद्यालय तहमा हुने कक्षा ४ देखि ९ सम्मको बार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण व्यवस्था गाउँपालिकाबाट गरिनेछ ।

१६. शिक्षा क्षेत्रलाई थप व्यवस्थित बनाउन शिक्षा सम्बन्धि ऐन कानुन निर्माणका साथै मौजुदा कानुनलाई समयानुकुल बनाउन संशोधन गरिनेछ ।

१७. निःशुल्क शिक्षा कार्यान्वयनका लागि आवश्यक कार्यक्रम सञ्चालनका साथै विद्यालयलाई अनुदानको व्यवस्था गरिनेछ ।

१८.  युवाहरुका लागि नवप्रद्वनात्मकका कार्यक्रम र खेलकुद क्षेत्रको प्रबद्धन गर्नका लागि आधारभूत र माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विभिन्न विधाका खेलकुद प्रतियोगिता कार्यक्रम सञ्चालन गरिनेछ ।

## खानेपानी, सरसफाई र स्वच्छता

नाराः हामी सबैको साझा प्रतिबद्धताः खानेपानी, सरसफाई र स्वच्छता

१. पुराना तथा अव्यवस्थित खानेपानी योजनाहरूको विवरण संकलन गरी सुरक्षित र दिगो खानेपानी सेवाको पहुँच विस्तार गर्न प्रत्येक वडामा प्राथमिकताका साथ खानेपानी योजनाहरूको निर्माण, स्तरोन्नति र मर्मतसम्भार कार्य सञ्चालन गरिनेछ।

२. परम्परागत पानीका मुहानहरु ढुङ्गेधारा, कुवाँ, नाउला र पोखरीजस्ता स्रोतहरूको संरक्षण, पुनःभरण तथा दीगो उपयोग सुनिश्चित गर्न जलस्रोत संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

३. विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक स्थानहरूमा सुरक्षित पिउने पानी, हात धुने व्यवस्था तथा पहुँचयुक्त शौचालय स्थापना तथा व्यवस्थापन गरिनेछ।

४. सरसफाई तथा स्वच्छता सम्बन्धी व्यवहार परिवर्तन गर्न 'स्वच्छ गाउँ, स्वस्थ गाउँ' अभियान सञ्चालन गरिने र समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

५. खानेपानी योजनामा स्थानीय उपभोक्ता समितिको सहभागिता, स्वामित्व र दक्षता वृद्धि गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

६. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपको सम्भावित असरबाट खानेपानी स्रोत जोगाउन जोखिम मूल्याङ्कनसहितको पूर्वतयारी योजना तयार गरी कार्यान्वयन गरिनेछ।

७. जयगढ खालगडा छातासैन बृहत खानेपानी आयोजनालाई जयगढ बजारसँग जोडिएका बस्तीहरुमा विस्तार गरिनेछ ।स्वच्छ खानेपानीको पर्याप्त आपुर्ती गरी नियमित रुपले सञ्चालन गर्नुका साथै उक्त खानेपानी आयोजनालाई दिगो रुपमा सञ्चालन गर्न उपभोक्ताको अपनत्वको भावना विकास गर्न उक्त खानेपानी आयोजना नीतिगत रुपमा लाभग्राही समुदायमा हस्तान्तरण गरिनेछ ।

८. बान्नीगढी बजार क्षेत्रमा रहेको फोहोरमैलाको व्यवस्थापनका लागी निर्माण गरिएको अस्थायी फोहोर बिसर्जन स्थललाई थप स्तरोन्ती गरिनेछ । फोहरमैलालाई स्रोतमै न्यूनीकरण गर्न जयगढ बजार क्षेत्रमा कुहिने र नकुहिने फोहरलाई छुट्याई फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

**महिला, बालबालिका, सामाजिक समावेशीकरण तथा गरिबी निवारण**

नाराः हामी सबैको सहभागिता, समावेशी समाजको सुनिश्चितता

१. आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका गरिब, महिला, बालबालिका, भूमिहिन, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै समुदायको समावेशी सहभागिता सुनिश्चित हुने गरी क्षमता विकास, आयआर्जन तथा रोजगारीमुखी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. वास्तविक गरिबीको रेखामूनि रहेका व्याक्ति तथा समुदायको पहिचान गरी लक्षित समूहका लागि सामाजिक सुरक्षा, सीप विकास, स्वरोजगार र साझेदारीमा अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

४. ज्येष्ठ नागरिक परिचयपत्र वितरणका लागी आवश्यक कानूनी व्यवस्था गरिनेछ । जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५. अपाङ्गता परिचय पत्र अद्यावधिक गर्ने कार्यलाई प्राथमीकतामा दिई परिचय पत्र डिजिटलाइजेशन गरि वितरण गरिनेछ ।अपाङ्गता भएका (ग) र (घ) वर्गका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिई थप व्यवस्थित गरिनेछ ।

६. महिला तथा किशोरी विरुद कार्यस्थलमा हुने सबै प्रकारका हिंसा, विभेद र शोषण अन्त्य गर्नका लागी शुन्य सहनशिलता नीति लिइनेछ।

७. निर्वाचित महिला तथा दलित जनप्रतिनिधिहरुको सशक्तिकरणका लागी नेतृत्व विकास तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८. हिंसापीडित महिलाहरुका लागी **लैङ्गीक हिंसा निवारण कोष** तथा आर्थिक रुपले विपन्न एकल महिलाहरुको संरक्षणका लागी **एकल महिला सुरक्षा कोषको** स्थापना गरिनेछ ।

९. विपन्न, दलित तथा एकल महिलाहरुको जिवनस्तर उकास्नका लागि मागमा आधारित आयआर्जन मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. बालविवाह न्यूनीकरण, छाउपडी कुप्रथा उन्मुलन, सामाजिक तथा धार्मिक कुरीति र कुसंस्कार अन्त्यका लागी बिद्यालयस्तर र वडा स्तरबाट नै थप सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछन।

११. अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका तथा हिंसापीडित बालबालिकाको लागी उद्धार, संरक्षण, र पुनःस्थापनाको लागी **बाल संरक्षण कोषको** स्थापना गरिनेछ ।

## रोजगारी तथा मानव संशाधन विकास

नाराः विदेश होइन स्वदेशमै रोजगारीः आत्मनिर्भर बनाऔं बान्नीगढी

१. स्थानीय स्रोत, सीप र आवश्यकताका आधारमा रोजगारी सिर्जना गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछन।
२. युवा, महिला, विपन्न र अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी स्वरोजगार प्रवर्द्धन तथा उद्यमशीलता विकास गरिनेछ।
३. यस गाउँपालिकाले संचालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पुर्ति गर्दा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तीहरुलाई पहिलो प्राथमिकता दिई सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभुती गराईनेछ। गाउँपालिका तथा वडागत आयोजनाहरु संचालन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमसँग अनिवार्य रुपमा साझेदारी गरि संचालन गरिनेछ।
४. बैदेशिक रोजगार अन्तर्गत श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृती तथा बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाका आवेदनलाई सरल, सुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रवाह गर्न रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरिनेछ।
५. बान्नीगढी जयगढ गाउँपालिकाका स्थायी बासिन्दाहरुमध्ये हाल वैदेशिक रोजगारमा रहेकाहरुको तथ्याङ्क संकलन गरी गाउँपालिकाभित्र लगानी गर्न सक्ने वातावरणको अध्ययन गरिनेछ ।त्यसैगरी वैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त नागरिकहरुको अनुभव र क्षमतालाई परिचालन हुनेगरी स्थानीय स्तरमा कृषि, पशुपालन तथा अन्य विकास निर्माणको कार्यमा प्रयोग गरिनेछ ।

## युवा तथा खेलकुद विकास

नाराः युवा सशक्तीकरण हाम्रो अभियान, उद्यमशील बान्नीगढी हाम्रो पहिचान

१. युवालाई सशक्त र आत्मनिर्भर बनाउने उद्देश्यले स्वरोजगार, उद्यमशीलता तथा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछन।विदेशबाट फर्केका यूवा तथा बेरोजगार युवा जनशक्तिलाई उत्पादनमुखी आयआर्जनका कार्यक्रममा आबद्ध गराउन तालिम तथा प्राविधिक सहयोग गरिनेछ।
२. युवालाई सामुदायिक सेवा, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा संलग्न गराउने स्वयंसेवी कार्यक्रम सञ्चालन गरिनेछ।
३. गाउँपालिकाभित्र छरिएर रहेका प्रतिभावान यूवा खेलाडीहरुको पहिचान र सम्मान गरी गरी विद्यागत खेलहरुमा उनिहरुले आर्जन गरेको सीप, अनुभव र दक्षतालाई उपयोग गर्ने गरी विभिन्न विद्याका खेलकुद कार्यक्रमहरु संचालन गरिनेछ ।

४. वडा नं. ३ थर्पुकाट्यामा मिनी खेलमैदान निर्माण तथा वडा नं. ५ कालिकामा रहेको थालाकोट क्रिकेट मैदानको पूर्वाधार निर्माणको लागी संघ तथा प्रदेश सरकारसँग समन्वय र साझेदारी गरी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**न्यायीक समिति**

नाराः स्थानीय विवादको स्थानीय समाधानः सशक्त न्यायिक समिति हाम्रो पहिचान

१. स्थानीय विवादको वैकल्पिक समाधान प्रणालीलाई मजबुत बनाई न्यायिक समितिको भूमिका प्रभावकारी बनाइनेछ।
२. समाजमा मेलमिलाप, शान्तीपूर्ण र संवादमैत्री वातावरण निर्माणमा न्यायिक समितिको नेतृत्वलाई थप सशक्त बनाइनेछ।
३. न्यायमा पहुँचको समानता सुनिश्चित गर्न महिला, दलित, जनजाति र विपन्न वर्गको न्यायिक संरक्षणमा विशेष प्राथमिकता दिइनेछ।
४. न्यायिक समितिका सदस्यहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अभ्यास तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछन।
५. न्यायीक समिति मार्फत कानूनी सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ। सबै वडाहरुमा मेलमिलाप कार्यकर्ताहरुको सूचि तयार गरी मेलमिलाप केन्द्र स्थापना गरिनेछ।
६. न्यायीक समितिमार्फत मनोपरामर्शकर्ताको व्यवस्था गरिनेछ ।न्यायिक समितिलाई सवल र सक्षम बनाउन सहयोग गरिनेछ । विपन्न उजुरीकर्ताहरु न्यायको पहुँच सुनिश्चित गर्नको लागि सम्वन्धित निकायसम्म पुग्नको लागि यातायात खर्च उपलब्ध गराइने छ ।

**बहुक्षेत्रीय पोषण योजना**

नाराः पोषण सुधार सबैको सरोकारः शिक्षा, स्वास्थ्य, कृषि र परिवार

१. गर्भवती, सुत्केरी र पाँच वर्षमुनिका बालबालिकाको पोषण अवस्था सुधार गर्न पोषणयुक्त आहार, स्वास्थ्य परामर्श तथा नियमित अनुगमनका कार्यक्रमहरु सञ्चालन गरिनेछन।
२. स्थानीय स्तरमा फलफूल, तरकारी, अण्डा, दूध आदिको उत्पादन र उपभोग प्रवर्द्धन गरी पोषणमा आधारित कृषि प्रणालीलाई सुदृढ गरिनेछ।
३. किशोरी र महिला लक्षित पोषण तथा स्वच्छतासम्बन्धी सीप विकास, सचेतना र परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।
४. बहुक्षेत्रीय समन्वयमार्फत शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा स्थानीय विकासका निकायहरूसँग मिलेर एकीकृत पोषण कार्यक्रम कार्यान्वयन गरिनेछ।

५. विपन्न तथा जोखिम समूहको पहिचान गरी उनीहरूलाई लक्षित पोषण सहायता तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

६. पोषणमैत्री पालिका घोषणाको आधार तयार गर्दै नीतिगत, संस्थागत र जनशक्ति व्यवस्थापन सुदृढ गरिनेछ।

७. यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गतका सुनौला १००० दिनका आमाहरुलाई उपाध्यक्ष कोशेली कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ ।

८. बान्नीगढी जयगढ गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका घोषणा गर्ने अभियान अन्तर्गत वडा नं १ गाज्रा र वडा नं ४ तिमिल्सैनलाई यसै आर्थिक वर्षमा पोषणमैत्री वडा घोषणा गरिनेछ। बाँकि वडाहरुलाई क्रमशः पोषणमैत्री वडा घोषणा गर्नका लागी विषयगत क्षेत्रअनुसार सूचकमा आधारित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।

## (ख) <u>आर्थिक विकास</u>

### <u>कृषि तथा पशुपालन</u>

नाराः <u>बान्नीगढीको माटो कृषि र पशुपालन आत्मनिरभर्ताको बाटो</u>

१. स्थानीय स्तरमा रहेका रैथाने बालीहरुको बिउ संरक्षण, संकलन, खेती विस्तार तथा बजारीकरणको प्रर्वद्धन र संरक्षणमा विशेष जोड दिईनेछ। यसका लागी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । मानव स्वास्थ्य र वातावरणलाई सर्वोपरी ध्यानमा राखी विषादी रहित आर्गनिक खेतीको विकास, विस्तार र प्रर्वद्धन गरी खाद्यान्न तथा तरकारीमा आत्मनिर्भर गराउदै लगिनेछ ।

२. दुध तथा मासु उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने नीति अवलम्बन गरिनेछ । व्यवसायिक पशुपालन गर्न चाहने कृषकहरुलाई साझेदारीमा अनुदानका कार्यक्रमहरु संचालन गरिनेछन । यसका लागी आयातलाई प्रतिस्थापन गर्दै निर्यातलाई प्रर्वद्धन गर्दै लिईनेछ ।

३. कृषक र पशुपालकलाई वित्तीय, तालिम र बजारसम्बन्धी सहयोग गरी आयआर्जनमा वृद्धि गरिनेछ।

४. सहकारी, किसान समूह र पशुपालक संघसंस्थाहरूसँग समन्वय गरी सामूहिक उत्पादन र बजार पहुँचका लागी आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

५. कृषि यान्त्रिकरण , व्यावसायीकरण , बजारीकरणमा विशेष जोड दिदै कृषि क्षेत्रलाई आर्थिक बृद्धि र रोजगारको प्रमुख संवाहकको रुपमा विकास गर्ने नीति लिईनेछ।

६. कृषि उत्पादन बढाउने उद्देश्यका साथ "उत्कृष्ट किसान, हाम्रो शान" नारालाई आत्मसात गर्दै उत्कृष्ट (तरकारी, फलफूल, पशुपालन) खेती गरी कृषि उत्पादन बृद्धिमा उल्लेखनीय योगदान पुर्याउने कृषकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

७. कृषि तथ्याङ्क संकलन गरी सूचीकरण कार्यक्रमलाई थप व्यवस्थित बनाउँदै निरन्तरता दिईनेछ ।
८. मौरी पालनलाई ग्रामीण आयआर्जन, आत्मनिर्भरता, खाद्य सुरक्षामा योगदान पु¥याउने वैकल्पिक कृषि उद्यमको रूपमा विकास गरिनेछ।
९. पशुपन्छीमा हुने गम्भिर प्रकृतिका महामारी नियन्त्रणका लागि आवश्यक नीति लिइनेछ । कृषकहरुको क्षमता बिकासका लागी तालिम,गोष्ठी कार्यक्रम संचालन गरिनेछ। स्थानीय गाई, भैंसी र बाख्राको उन्नत नश्ल सुधार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृत्रिम गर्भाधान सेवा संचालन गरिनेछ ।
१०. पशुपन्छी पोषण तथा आहाराको आपूर्तिको लागि वर्षे तथा वहुवर्षे पोषिला घाँसको विकास गरिनेछ ।घाँसको बिउँ बेर्ना उत्पादनका लागी कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
११. परम्परागत र निर्वाहमूखि पशुपालन प्रणालीलाई व्यवसायीक र आत्मनिर्भर पशुपालन प्रणालीमा रुपान्तरण गरी सम्मानीत पेशाको रुपमा स्थापना गरिनेछ ।
१२. बजारमा रहेको कृषि उपज तथा संकलन केन्द्रलाई संचालनमा ल्याउनका लागी आवश्यक पहल गरिनेछ ।
१३. कृषि क्षेत्रको बिकासको लागि गैर सरकारी संस्थाको साझेदारीमा बजारमुखी कृषि कार्यक्रम संचालनको लागि लागत साझेदारी गरिनेछ ।बाली तथा पशुपन्छी बिमा लाई प्रोत्साहन गर्न पालिका स्तरमा अभिमुखी करण कार्यक्रम र कृषकले तिर्ने बिमा शुल्कमा थप अनुदान उपलब्ध गराईनेछ ।
१४. जमिनलाई बाँझो राख्ने परम्परालाई निरुत्साहित गर्न बाँझो जमिनमा फलफूलका खेती गर्न प्रोत्साहन गरिनेछ । कृषि क्षेत्रको प्रवर्धन र बिकासका लागि विभिन्न संञ्चार माध्यम हरुसँग सहकार्य गरी कृषि जागरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
१५. कृषि तथा पशुधनको संरक्षण गर्न कृषि तथा पशु बिमालाई निरन्तरता दिइनेछ । कृषि तथा पशुपालन क्षेत्रमा युवा र महिला सहभागिता बढाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**पर्यटन**

नाराः पर्यटनले विकास, विकासले समृद्धि

१. स्थानीय जनसमुदायको सहभागिता सुनिश्चित गर्दै पर्यटकीय स्थलहरूको सरसफाई, सुरक्षा र व्यवस्थापनमा समन्वय गरिनेछ।
२. पर्यटन प्रवर्द्धनका लागि गुणस्तरीय आवासीय सुविधा, खानेपानी, यातायात र सूचना प्रणालीको विकास गरिनेछ।
३. सामाजिक आर्थिक विकासमा पर्यटनको योगदान बढाउन स्थानीय उत्पादन, हस्तकला र सांस्कृतिक महत्वका वस्तु तथा क्षेत्रहरुको प्रचार प्रसार गरिनेछ।

४. धार्मिक तथा पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका बान्नीगढी नौलागढी, छातासैन, विल्थम, जाल्पादेवी मन्दिर, चन्डिका मन्दिर, ऐतिहासिक स्थल दर्नाको पञ्चदेवल जस्ता ठाउँहरूमा पूर्वाधार विकास निर्माण र प्रचार प्रसारमा विशेष जोड दिईनेछ।

**उद्योग तथा वाणिज्य**

नाराः स्थानीय उत्पादन, हाम्रो शानः उद्यमशीलता गाउँपालिकाको पहिचान

१. स्थानीय स्रोत, सीप र पूँजीको सदुपयोग गर्दै स्वरोजगारमूखी, साना र घरेलु उद्योगहरूको विकासलाई प्राथमिकता दिइनेछ।
२. बान्नीगढी जयगढ गाउँपालिका भित्र सञ्चालनमा रहेका साना-ठुला सबै व्यापार व्यवसायलाई अनिवार्य रुपमा दर्ता प्रक्रियामा समावेश गरिनेछ ।
३. आ.व. २०८२/०८३ मा राजश्व संकलन गर्न सकिने सबै सम्भावित क्षेत्रको पहिचान गरी करको दायरा बृद्धि गर्न राजस्व सम्बन्धि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । करको दर विश्लेषण गरी आवश्यकता अनुसार लचकताको नीति लिइनेछ ।
४. परम्परागत तथा रैथाने उत्पादनलाई आधुनिक प्रविधिसँग जोडेर गुणस्तर सुधार गरिने र बजारसम्म पहुँचका लागी आवश्यक प्रबन्ध गरिनेछ।
५. स्थानीय स्तरमा साना तथा लघु उद्योग सञ्चालनका लागि सहज वातावरण सिर्जना गर्न लागत साझेदारीमा अनुदान सुविधा, कर छुट र अन्य प्रोत्साहन प्रदान गरिनेछ।
६. वाणिज्य प्रर्वद्धनका लागि सहकारी, व्यापार मेला, प्रदर्शनी तथा स्थानीय बजारको विकास गरिनेछ।
७. आर्थिक अवस्थाका कारण ओझेलमा परेका वा बन्द हुन लागेका उद्योगहरुलाई स्तरोन्ती गरिनेछ। उद्यमशिलता माध्यमबाट विपन्न लक्षित वर्ग तथा महिलाहरुका लागि विशेष मागका आधारमा तालिम सञ्चालन गरिनेछ। उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुलाई विक्रि वितरण गर्नमा प्रोत्साहन गरिनेछ।

**(ग) वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति**

**वन, वातावरण र जलवायु परिवर्तन**

नाराः हरियाली बढाऔं, प्रकृति बचाऔं

१. वन उपभोक्ता समूह, सहकारी र स्थानीय समुदायलाई वन व्यवस्थापनमा सक्रिय रूपमा संलग्न गराइनेछ। स्थानीय वन क्षेत्रको संरक्षण, पुनर्स्थापना र दिगो व्यवस्थापनका लागी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गैर सरकारी संस्था तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. अन्य सरकारी, गैर सरकारी तथा सामुदायिक वन उपभोक्ता समिति लगायतका संघ संस्थासँग सहयोग तथा समन्वय गरी वन, वाताबरण, भूसंरक्षण, वन आगलागी, वन विनाश तथा जलवायु परिवर्तन सम्बन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिने छ ।
४. गाँउपालिका भित्र रहेका सबै सामुदायिक बनहरुले स्थानीय सरकार संचालन ऐन अनुसार समन्वय सहकार्य तथा शुल्क बाँडफाँडमा सहभागी हुनै पर्ने गरी व्यवस्थापन गरिनेछ ।
५. वनजंगल,जलस्रोत,जलाधार,पोखरी जस्ता प्राकृतिक स्रोतमा खलल पार्ने प्रतिकुल प्रभाव पार्ने भौतिक संरचना निर्माण लगायत कुनैपनि गतिविधि नगर्ने नीति लिईनेछ ।

**विपद व्यवस्थापन**

नाराः पूर्वतयारी गरौः सुरक्षित स्थलमा सरौं

१. विपद पूर्व तयारी कार्यको लागि प्रतिकार्य योजना तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । विपद्का समयमा छिटो र प्रभावकारी उद्धार तथा राहत कार्य सञ्चालन गर्न समन्वय व्यवस्था मजबुत बनाइनेछ। विपद् व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था र स्रोत जुटाउने योजना बनाइनेछ।
२. वातावरणीय संरक्षण तथा दिगो विकाससँग जोडिएका उपायहरू अपनाएर विपदबाट हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्दै लगिनेछ।
३. विपद् व्यवस्थापनमा सम्बन्धित सरकारी निकाय, गैरसरकारी संस्था र समुदायबीच समन्वय र साझेदारी प्रवर्द्धन गरिनेछ।
४. गाउँपालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी जोखिम न्यूनिकरण गरिनेछ।विपदबाट हुने क्षति न्यूनिकरणका लागि तत्काल राहत र उद्धारका कार्यमा जोड दिइनेछ । यस कार्यमा प्रहरी, सहयोगी संस्था र सम्बन्धित निकायहरुको परिचालनमा जोड दिइनेछ ।
५. विपदबाट प्रभावित व्याक्ति, परिवार, व्यवसायी तथा समुदायको पुनः निर्माण,पुनः उत्थापन तथा पुनः स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँगको सहकार्यमा उचित राहत व्यवस्थापन गरिनेछ।

## (घ) पूर्वाधार विकास सम्बन्धी नीति

**<u>भौतिक पूर्वाधार</u>**

नाराः <u>सडकले जोड्छ मनः सिचाईले जोडछ धन</u>

१. सडक निर्माण र मर्मतसम्भारमा गुणस्तर र दिगोपनलाई पहिलो प्राथमिकता दिइनेछ। गाउँपालिका भित्र निर्माणाधीन सबै खालका सडक निर्माण तथा भवन निर्माण कार्यको अनुगमन र गुणस्तरमा निगरानी गरिनेछ।

२. सिचाई संरचनाहरूको दिगो सञ्चालन र मर्मतसम्भार सुनिश्चित गर्न स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ । सबै वडाहरुमा रहेका खेतियोग्य जमिनमा सिंचाईको लागि कुलो तथा नहरको व्यवस्था गरिनेछ ।

३. विगतमा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका आयोजनाहरुको कार्यान्वयन तथा बृहत खालका अन्य गौरबका आयोजना पहिचान गरी सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्याङ्कन तथा डि.पि.आर. तयार गरी कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसँग आवश्यक बजेटका लागी समन्वय,पहल र आवश्यक साझेदारी गरिनेछ ।

४. वडा नं. ४ तिमिल्सैनको वडा कार्यालय भवन निर्माण कार्यलाई आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी प्राथमिकता दिईनेछ ।

५. जयगढ बजार क्षेत्रमा रहेको निर्माणाधिन सरस्वती मन्दिर निर्माण कार्यलाई पूर्णता दिन आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

६. गाउपालिका भित्र निर्माण गरिएका ग्रामिण सडहरुको स्तरोन्ती गरिनेछ, साथै प्रत्येक वडा कार्यालयलाई जोडने मोटरबाटोलाई क्रमिक रुपमा स्तरोन्नति गरिनेछ। स्थानीय आवतजावत सहज बनाउन ग्रामीण सडक जाल विस्तार गरिनेछ ।

७. धार्मिक तथा पर्यटकीय स्थल बान्नीगढी नौलागढीसम्म बाह्रै महिना सडकको पहुँचसँग जोडन **जयगढ-नौलागढी-बान्नीगढी** सडकलाई क्रमागत रुपमा स्तरोन्नतीको कार्य **यसै** आर्थिक वर्षदेखि थालनी गरिनेछ र जयगढ छातासैन स्याउले सुतार जोड्ने सडक सञ्जाललाई प्राथमिकता दिइनेछ ।

८. वडा नं २ जनालीकोटमा निर्माणाधीन स्वास्थ्य चौकीको भवन निर्माण कार्यलाई प्राथमिकतामा राखी **आगामी** वर्षभित्र सम्पन्न गरिनेछ, साथै अन्य जीर्ण वा भवनविहीन संस्थाहरूको भौतिक पूर्वाधार विकास गरिनेछ।

९. संघीय सरकार तथा बान्नीगढी जयगढ गाउँपालिकाको संयुक्त लागत साझेदारीमा **जयगढ बजारमा** मिनी कोल्ड स्टोर निर्माणको प्रक्रिया द्रुत गतिमा अघि बढाइनेछ ।

१०. आगामी आर्थिक वर्षमा गाउँपालिकामा राष्ट्रिय भवन आचारसंहिता पूर्ण रुपमा पालना गर्न भवन निर्माण तथा घरनक्सा नियमन कार्यविधि लागु गरिनेछ।गाउँपालिका भित्रको घरहरुको

अभिलेखीकरण कार्यलाई विशेष प्रथामिकता साथ संचालन गरी आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ ।

११. सरकारी भवन निर्माण गर्दा भवनलाइ सुरक्षित, व्यवस्थित र अपाङ्गमैत्री वनाईनेछ। वातावरणीय संरक्षणसँग जोडिएको निर्माण कार्य र ऊर्जा दक्ष प्रविधिको प्रयोगलाई प्राथमिकता दिइने।

१२. एकीकृत जग्गा विकास योजना तयार गर्न पहल गरी भू-उपयोग नीतालाई क्रमशः कार्यान्वयन गरिनेछ ।

१३. बिभिन्न धार्मिक, सास्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचिन नामहरुको खोजी गरी तिनको पुनःस्थापना गर्ने, आधिकारिक नामाकरण हुन बाँकी टोल, बस्ती, सडक मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ।

**वैकल्पिक उर्जा**

नाराः ऊर्जा बचत गरौं, प्रकृति बचाऔं

१. विद्यालय, स्वास्थ्य संस्था र सरकारी कार्यालयमा वैकल्पिक ऊर्जा प्रणाली स्थापना गरिनेछ।

२. गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य मुख्य वस्तिहरुको सार्वजनिक स्थलमा सौर्य बत्ती जडान कार्यलाई तीव्रता दिईनेछ ।

३. वैकल्पिक ऊर्जा प्रविधि सम्बन्धी जनचेतना अभिवृद्धि र प्रयोगमा समुदायलाई सहभागी गराइनेछ त्यसैगरी धुवाँमुक्त पालिका अभियानका लागी गाउँपालिका क्षेत्रभित्र सुधारिएको चुलोलाई नमूनाको रुपमा कार्यान्वयन प्रारम्भ गरिनेछ र क्रमशः सबै वडाहरुमा विस्तार गरिनेछ ।

## (ङ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

नाराः नागरिक सहभागिताः सुशासन पारदर्शिता र जवाफदेहिता

१. स्थानीय सरकारी संरचना र प्रणालीलाई मजबुत बनाउन तथा सार्वजनिक सेवा वितरणमा पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गर्न प्रविधिको उपयोग गरी डिजिटल सेवा विस्तार गर्ने नीति लिईनेछ ।

२. गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको कार्यसम्पादन तथा क्षमता अभिवृद्धि गर्न सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँगको लागत साझेदारीमा मागमा आधारित विभिन्न तालिम र अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछन।

३. सेवामा गुणस्तरीयता सुनिश्चित गर्न मापन, मूल्यांकन र प्रतिवेदन प्रणाली लागू तथा विकास गर्ने नीति लिईनेछ।

४. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तहको Open Data portal मा update गरिनेछ।

५. गाउँपालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवाहरुमा सफ्टवेयर प्रयोग गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ । गाउँपालिकाको प्रत्येक वडा तथा स्वास्थ्य चौकीहरुमा जडान गरिएको ईन्टरनेटको क्षमता बृद्धि गरिनेछ।

६. गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयमा हस्ताक्षरीत हाजिरी प्रणालीका अतिरिक्त ई-हाजिरी प्रणालीको विकास गरी प्रशासनिक चुस्ततालाई कायम गरिनेछ। गाउँपालिका स्तरीय सूचना प्रविधि केन्द्र र वडाहरूमा सामुदायिक सूचना प्रविधि केन्द्रको स्तरोन्नतिको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

७. गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी, एवम् विश्वसनिय बनाउन, निर्वाचित पदाधिकारीहरुको क्षमता विकासका लागी सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग साझेदारी कार्यक्रम गरिनेछ ।

८. “सेवाप्रवाह मार्फत सुशासन, सुशासन मार्फत विकास र समृद्धि” भन्ने मान्यता अनुरुप नयाँ कानून निर्माण र निर्माण गरेका कानूनहरुलाई समयानुकुल परिमार्जन गरि सेवा प्रवाहमा चुस्तता ल्याइनेछ ।

९. कार्यालय सञ्चालन तथा व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र कार्यसम्पादनको प्रभावकारिता सुनिश्चित गर्न त्रैमासिक, अर्धवार्षिक र वार्षिक समीक्षालाई अनिवार्य, व्यवस्थित र नियमित बनाइनेछ।

१०. गाउँपालिकालाई गाउँपालिकाको कार्य प्रकृति, कार्यबोध र औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ती आँकलन गरी कार्य विवरण तथा कार्य विश्लेषणका आधारमा संगठन तथा सर्वेक्षण गरि समयानुकुल बनाईनेछ । अत्यावश्यक पदमा लोक आयोगबाट जनशक्ति पदपूर्ति गर्न अनुरोध गरिनेछ ।

११. गाउँपालिकाको समग्र विकासका लागि तयार पारिएको प्रथम पञ्चवर्षिय आवधिक योजनालाई बजेट निर्माण तथा योजना तर्जुमाको मूल दस्तावेजका रूपमा लिई पूर्ण रूपमा कार्यान्वयन गरिनेछ । आवधिक योजनालाई गतिशील बनाउँदै आवश्यकता अनुसार संशोधन तथा समायोजन गर्न नीतिगत व्यवस्था गरिनेछ।

१२. स्थानीय सरकारको स्रोत साधनको दीर्घकालीन उपयोगिता सुनिश्चित गर्न तथा नीतिगत प्राथमिकतामा आधारित बजेट निर्माण प्रक्रिया सुदृढ गर्न मध्यमकालीन खर्च संरचना प्रणालीलाई संस्थागत गरिनेछ।

१३. कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी फजुल खर्च घटाउने, खर्चलाई नतिजा तथा उपलब्धिसँग आबद्धता गरिने तथा सार्वजनिकरण गर्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ ।

१४. कर्मचारीहरुको मनोबल उच्च राख्न कर्मचारीहरुलाई प्रदान गरिँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ, हाल प्रदान गरिँदै आएको प्रोत्साहन भत्तामा पाँच सय रुपैँया थप गरिनेछ ।

**<u>विविध</u>**

१. स्थानीय भेषभुषा, पहिरन, कला संस्कृति, लोपोन्मुख बाजागाजा संरक्षणको लागि विशेष पहल गरिनेछ ।समुदायमा रहेका स्थानीय पाटीपौवा, पटकानी र धार्मिक तथा सार्वजनिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।

२. सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित तथा छिटो छरितो रुपमा लाभग्राहीहरुले प्राप्त गर्ने कार्यका लागी बैङ्कसंग आवश्यक समन्वय गरिनेछ ।

३. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

४. लागुऔषध दुर्व्यसनी न्यूनीकरणका लागी सरोकारवालासँग समन्वय तथा सहकार्य गरी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

५. समाज परिवर्तन, रुपान्तरण र विकासका लागी उल्लेखनीय योगदान पुऱ्याउने स्थानीय व्यक्तित्व स्व. श्री नर बहादुर स्वाँरको स्मृति र सम्मानमा जयगढ बजार क्षेत्रमा शालिक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

गाउँसभाका सदस्य ज्यूहरु,

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लिएको छ । जनताको नजिकको सरकारका हिसाबले जनताका अधिकतम समस्या हल गर्न स्थानीय सरकारको सीमित स्रोत साधन तथा कमजोर आन्तरिक आयका कारण आम जनताको चाहना अनुरुप हामीले सोचेको समग्र आर्थिक सामाजिक विकास र समृद्धिको लक्ष्य हासिल गर्न सकिएको छैन यद्यपी यो नीति तथा कार्यक्रममा समावेश हुन नसकेका कार्यक्रमहरु आगामी आर्थिक वर्षहरुमा समावेश गर्दै लगिने छ र निर्दिष्ट नीति तथा कार्यक्रमका आधारमा बजेट तर्जुमा गरिनेछ ।लोकतान्त्रिक विधि र पद्धतिहरुबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यन्वयनका लागी सबै विकास साझेदार निकाय, नागरिक समाज तथा गाउँपालिकाबासी सचेत नागरिकको सहकार्य, रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्यता छ।

अन्तमा, गाउँपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, राष्ट्रसेवक कर्मचारी, निजी, सहकारी र सामुदायिक क्षेत्र, गैरसरकारी क्षेत्र, सञ्चारजगत लगायत सम्पूर्ण दिदिबहिनि तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।"समृद्धिको आधारः बान्नीगढी सरकार" भन्ने हाम्रो मूख्य सपनालाई साकार बनाउन सबै गाउँपालिकाबासी निश्वार्थ भावना र सकारात्मक सोचका साथ एकजुट भएर अगाडी बढौं । धन्यवाद ।

**टेक बहादुर साउँद**
**अध्यक्ष**
**बान्नीगढी जयगढ गाउँपालिका**
**२०८२।०३।१०**